# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, आषाढ २५ गते २०३० साल

### लोक सेवा आयोगको
### सूचना नं. ५०७/०२९-३०

खण्ड २२ संख्या १७ मिति २०२९ साल श्रावण २३ गते नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस आयोगको सूचनामा उल्लिखित "२०३० साल आषाढ मसान्तसम्मलाई" भन्ने वाक्यांशको सट्टा "२०३२ साल आषाढ मसान्तसम्मलाई" भन्ने शब्द राखी सूचनाको दफा १ मा मिति २०३० साल श्रावण १ गतेदेखि लागू हुने गरी निम्नबमोजिम संशोधन गरिएको छ ।

(१) कानून तथा न्याय मन्त्रालयको लागि मुख्य न्यायाधीश, आय कर अदालत; सर्वोच्च अदालतको लागि–सचिव, कानून तथा न्याय मन्त्रालय; महान्यायाधिवक्ताको कार्यालयको लागि–रजिष्ट्रार सर्वोच्च अदालत; आय र कर अदालतको लागि-वरिष्ठ सरकारी अधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय र बागमती विशेष अदालतका लागि रजिष्ट्रार, सर्वोच्च अदालत ।

आज्ञाले–
परिक्षित नरसिङ राणा
लोक सेवा आयोगको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।